हरेक वडामा मेलमिलाप केन्द्र स्थापना गर्न सरकारले बजेटको व्यवस्था गर्नुपर्छ

चुपबहादुर थापा
संस्थापक अध्यक्ष, प्राकृतिक स्रोत द्वन्द्व रूपान्तरण केन्द्र नेपाल

नेपालमा सामुदायिक मेलमिलापको अवधारणा कसरी आयो ?

प्राचीन कालदेखि नै स्थानीय रूपमा उत्पन्न हुने विवादहरू सक्षम न्यायिक निकायमा नलगी समाज वा स्थानीय निकायहरूबाटै समाधान गर्ने प्रचलन रहेको पाइन्छ । विवादहरूलाई आआफ्नो धर्म, संस्कृति र रितिरिवाजमा आधारित भै मिलाउनको लागि गरिएको अभ्यासको विकसित रूप हालको सामुदायिक मेलमिलाप हो । खासगरी आज भन्दा करिब दुई दशक पहिलेदेखि नेपालमा द एशिया फाउण्डेसन जस्ता सहयोगी निकायहरूको सहयोगमा सामुदायिक मेलमिलाप अभियान प्रक्रियागत रूपमा शुरु भएको हो र यसलाई नेपाल सरकारले २०६८ सालमा मेलमिलाप सम्बन्धी ऐन र २०७० सालमा नियमावली तर्जुमा गरी २०७१ बैशाख १ बाट विधिवत तवरले लागु गरेपछि यसको महत्व बढेको छ । स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले समेत विशेष स्थान दिइ हरेक वडामा मेलमिलाप केन्द्र स्थापना गरेर गाउँघरका सबै झगडा सोही केन्द्रबाटै मिलाउनको लागि विशेष जोड दिएको छ ।

प्राकृतिक स्रोत द्वन्द्व रूपान्तरण केन्द्र नेपालले कुन कुन जिल्लामा कस्ता कार्यक्रम सञ्चालन गरिरहेको छ ?

प्राकृतिक स्रोत द्वन्द्व रूपान्तरण केन्द्र नेपालले हाल नेपालका ११ वटा जिल्लाहरूमा शान्ति निर्माण सम्बन्धी अभियान सञ्चालन गर्दै आएको छ । प्रदेश नं ३ का ६ वटा जिल्लाहरू रसुवा, नुवाकोट, काभ्रेपलाञ्चोक, सिन्धुपाल्चोक, दोलखा र सिन्धुलीमा द एशिया फाउण्डेसनको सहयोगमा स्थानीय सरकार सशक्तिकरण कार्यक्रम अन्तर्गत सामुदायिक मेलमिलाप कार्यक्रम सञ्चालन भएको छ भने प्रदेश नं १ देखि ७ सम्मका १० वटा जिल्लाहरूमा द स्याकमान फाउण्डेसनको सहयोगमा प्राकृतिक स्रोतमा आधारित बहुसरोकारवाला विवाद रूपान्तरण कार्यक्रम सञ्चालन भएको छ । संस्थाले सञ्चालन गरेका हरेक कार्यक्रमहरू स्थानीय सरकारसँगको प्रत्यक्ष समन्वयमा सञ्चालन भै रहेको छ ।

सामुदायिक मेलमिलापको क्षेत्रमा काम गर्ने तपाईंको संस्था मात्रै हो कि अन्य संस्था पनि छन् ?

मेलमिलाप सम्बन्धी ऐन २०६८ र नियमावली २०७० अनुसार सामुदायिक मेलमिलापको क्षेत्रमा काम गर्न चाहने कुनैपनि संस्थाले मेलमिलाप परिषद्बाट अनुमति लिएको हुनुपर्दछ । उक्त प्रावधान अनुसार परिषद्बाट तालिम मात्र सञ्चालन गर्ने अनुमति पाएका संस्थाहरू २४ वटा रहेका छन् भने मेलमिलाप सम्बन्धी कार्य गर्ने अनुमति पाएका संस्थाहरू ६ वटा रहेका छन् । हाम्रो संस्था प्राकृतिक स्रोत द्वन्द्व रूपान्तरण केन्द्र नेपाल तालिम सञ्चालन गर्ने र मेलमिलाप सम्बन्धी कार्य गर्ने दुवै अनुमति पाएको संस्था हो । यसको अतिरिक्त हाम्रो संस्थालाई मेलमिलाप परिषद्बाट नेपालमा मेलमिलापको क्षेत्रमा काम गर्ने संस्थाहरू मध्ये २०७४ सालको उत्कृष्ट संस्थाको रूपमा सम्मान समेत प्रदान गरिएकाले हामी गौरवान्वित छौं र थप जिम्मेवार भएर काम गर्न प्रतिबद्ध छौं ।

एउटा एनजिओले मेलमिलापको कार्यक्रम सञ्चालन गर्दा विरोधाभाष पनि देखिएको छ की ?

आफ्नो संस्थाको कार्यक्रम र बजेट सहित जिल्ला समन्वय समिति र स्थानीय सरकारसँग पारदर्शी रूपमा प्रस्तुत गरी हरेक क्रियाकलापमा उनीहरूसँग समन्वय गरी काम गरेको खण्डमा कुनै पनि विरोधाभाष हुन्न भन्ने हाम्रो सिकाइ रहेको छ । हामीले हाम्रा हरेक क्रियाकलाप र बजेट जिल्ला समन्वय समितिमा प्रस्तुत गरी स्वीकृत लिएका छौं र हरेक स्थानीय सरकारसँग समेत समन्वय गरेर काम गर्दै आएका छौं । हाम्रो संस्थाले सञ्चालन गरेको कामले स्थानीय सरकारलाई सहयोग पुग्नु पर्दछ भन्ने मान्यताका साथ न्यायिक समितिसँग समन्वय गरेर हरेक गतिविधिहरू सञ्चालन गर्दै आएका छौं । फेरी हामी मेलमिलाप परिषद्बाट वैधानिक ढंगले कानून अनुसार मेलमिलाप सम्बन्धी काम गर्ने अनुमति पाएको संस्था भएको र स्थानीय सरकारसँगै हातेमालो गरेर कार्यक्रम सञ्चालन गरेकोले पनि त्यस्तो विरोधाभाष केही देखिएको छैन ।

मेलमिलाप कार्यक्रम सञ्चालन गर्दा जिल्लाहरूमा कस्ता समस्याहरू देखा पर्दै आएका छन् ?

प्रमुख समस्या भनेको व्यवस्थित मेलमिलाप केन्द्र नहुनु हो । हामीले स्थानीय सरकारसँगको समन्वयमा हरेक वडामा मेलमिलाप केन्द्रहरू स्थापना गर्दै आएका छौं । हरेक वडामा परिषद्बाट स्वीकृत पाठ्यक्रम अनुसार ८ दिवसीय तालिम प्राप्त गरेका मेलमिलाप कर्ताहरू पनि हुनुहुन्छ तर भुकम्प पश्चात सबै संरचना ध्वस्त भएको र नयाँ संरचना नबनिसकेको अवस्थामा मेलमिलाप केन्द्रहरू व्यवस्थित नभएको कारण मेलमिलाप सत्रहरू सञ्चालनमा समस्या देखिएको छ । यसको साथै हामीले कार्यक्रम सञ्चालन गरेको जिल्लाहरूमा मेलमिलाप कार्यक्रम शुरुवाती अवस्थामा रहेकोले यसबाट सामाजिक न्याय सहित सबैलाई जीतको अनुभूति हुनेगरी विवाद समाधान हुन्छ भन्ने बारेमा जनचेतना र विश्वास बढाउनुपर्ने अवस्था रहेको छ ।

एउटा संस्थाले गराएको मेलमिलापलाई कसरी सरकारी मान्यता दिन सकिन्छ ? यसका विधिहरू केही छन् कि ?

मेलमिलाप नेपालको संविधान, मेलमिलाप सम्बन्धी ऐन र नियमावली तथा स्थानीय सरकार सञ्चालन सम्बन्धी ऐनले व्यवस्था गरेको विषय हो । यसको साथै कानुन अनुसार स्थापना भएको नियमनकारी निकाय मेलमिलाप परिषद्बाट स्वीकृत पाएका संस्थाले मात्र सामुदायिक मेलमिलापको काम गर्न सक्छन् । मेलमिलाप केन्द्रमा आएका विवादहरू स्थानीय सरकारले सूचिकृत गरेका मेलमिलाप कर्ताहरूबाट प्रक्रियागत तवरले मेलमिलाप गराएपछि भएको सहमति पत्रलाई स्थानीय सरकार स्वयंले प्रमाणित गरी हरेक वडामा खोलेको मेलमिलाप केन्द्रमा अभिलेखिकरण गरी राखिन्छ । यसरी भएको सहमतिको कानुनी मान्यता रहन्छ ।

सामुदायिक मेलमिलापकर्ताहरू मेलमिलाप गराउने नपाइने खालका विवादहरू पनि समाधान गरेको गुनासो पनि आउने गरेको छ ? यसलाई कसरी व्यवस्थित बनाउने योजनामा हुनुहुन्छ ?

कानुन अनुसार मेलमिलाप गराउन नहुने विवादहरूमा मेलमिलाप भएको छ भने त्यो अत्यन्त गलत हो । यदि कतै यस्तो भएको छ भने यसलाई कम गर्नको लागि हरेक केन्द्रमा रहेका मेलमिलाप कर्ताहरूलाई क्षमता, अन्तरक्रिया र तालिमको माध्यमबाट सचेत गराइनेछ । तर जब जब रूपमा जानी जानी कुनै मेलमिलाप कर्ताले त्यस्तो काम गरेमा मेलमिलाप कर्ताको आचार संहिता उल्लंघन गरेको ठहर्छ र त्यस्तो मेलमिलाप कर्तालाई कानुन अनुसार कारवाही समेत हुनेछ ।

देश संघीय प्रणालीमा गइसकेको छ । नयाँ व्यवस्था अनुसार सामुदायिक मेलमिलाप कार्यक्रमलाई कसरी अघि बढाउने सोचमा हुनुहुन्छ ?

संघिय व्यवस्था अनुसार एउटा संघिय सरकार, ७ वटा प्रदेश सरकार र ७५३ वटा स्थानीय सरकार रहेको अवस्था छ । सामुदायिक मेलमिलाप सरकारले अघि सारेको समृद्ध नेपाल र सुखी नेपाली भन्ने नारालाई सत्य साबित बनाउन अत्यन्ती अपरिहार्य रहेको छ । जबसम्म घरमा शान्ति हुन्न, टोलमा शान्ति हुन्न, स्थानीय सरकार अनि प्रदेश सरकार र संघिय सरकारमा शान्ति कायम हुन्न यो समृद्धि नेपाल र सुखी नेपालीको परिकल्पना पनि पुरा हुन्न । त्यसैले आगामी दिनमा मेलमिलापलाई प्रभावकारी बनाउन हाल विद्यमान कानुन अनुसार हरेक वडामा मेलमिलाप केन्द्र स्थापना गरी प्रभावकारी तवरबाट सञ्चालन गर्नुपर्दछ । सरकारले बजेटको व्यवस्था गर्नुपर्दछ । दातृ निकायको भरमा मात्र सञ्चालन भएका कार्यक्रम कुनै पनि दिन बन्द हुन सक्ने खतरा नकार्न सकिन्न । समुदायमा बसोबास गर्ने मानिसहरूको बीचमा कुनै न कुनै कुराले मन फाटी शान्ति र अमन चयन खल्बलिन पुग्दछ अनि ठुलो धनजनको क्षति समेत हुन पुग्दछ । मानिसहरूको जीवन बचाउन र सुखी साथ जीवन जीउनको लागि शरिरको फाटेको अंग सिएर जीवन बचाउने अस्पतालमा सरकार अनि निजि क्षेत्रको ठुलो लगानी छ तर मन फाटेको कारण पनि धेरै मानिसहरूको जीवन गएको छ । हत्या अनि आत्म हत्या जस्ता जघन्य अपराधहरू मन फाटेकै कारण हुने गर्दछन् । त्यसैले फाटेको मनलाई सिएर जीवन बचाउने र सुखी जीवन जीउने गराउनको लागि फाटेको मन सिएर जीवन बचाउने अस्पतालको लागि समेत सरकारले लगानी गर्नु जरुरी छ । गाउँ गाउँमा रहेका र रहने मेलमिलाप केन्द्र भनेको फाटेको मन सिउने अस्पताल हो भने तालिम प्राप्त मेलमिलाप कर्ता भनेका मन सिउने डाक्टर हुन् । आपसी संवादको सियोले विश्वासको धागोले टाँका लगाएर फाटेको मन जोड्न सकिन्छ । यसकारण आगामी दिनमा यो कार्यक्रमलाई संघिय सरकार, प्रदेश सरकार अनि सबै स्थानीय सरकारको समेत अपनत्व हुने गरी हरेक वडामा मेलमिलाप केन्द्र हरू स्थापना गरी दिगो रूपमा सञ्चालन गरी सेवा प्रवाह गर्नुपर्दछ भन्ने हाम्रो सोच रहेको छ ।

स्थानीय तहमा पनि न्यायिक समिति रहेको छ ? न्यायिक समितिसँग यो कार्यक्रमलाई कसरी जोड्न सकिएला ?

स्थानीय तहमा यो अभियानको अभिभावक नै न्यायिक समिति हो । कुनै पनि संस्थागत भएको क्रियाकलाप र बजेट न्यायिक समितिसँग जानकारी गराई उहाँहरू सँगको समन्वय र सहकार्यतामा नै यो अभियान सञ्चालन भै रहेको छ ।

सामुदायिक मेलमिलापकर्तासँग संवादको कार्यक्रम पनि चलिरहेको छ भन्नुभयो, यो संवाद चाहिँ कस्तो कार्यक्रम हो ?

गाउँ समाजमा अन्तरव्यक्ति र सानो प्रकृतिका विवाद बाहेक सार्वजनिक चासो हुने किसिमका र निर्णायक तहका सरोकारवाला निकायहरू बीच जोडिएका सवालहरू पनि रहेका हुन्छन् । यस्ता सवालहरूले आम मानिसको जीवन यापनमा बाधा पुग्नुको साथै विकास निर्माणको कामहरूमा ढिला सुस्ती र अवरोधहरू समेत आएको हुन सक्छ । यस्ता सवालहरूमा ती सबै सरोकारवाला निकायहरूलाई आमने सामने राखी साझा बुझाइ निर्माण गर्ने अनि त्यस्ता सवालको निराकरण गरी रचनात्मक समाधान निकाल्नको लागि सञ्चालन गरिने छलफलको कार्यक्रम नै संवाद हो । संवादको माध्यमबाट सरोकारवाला र अधिकारवालाहरूको बीच बेमेल भएका विषयहरू र फरक बुझाइका विषयहरूमा एउटै बुझाइको सृजना गरी रचनात्मक समाधान निकाल्न ठुलो मद्दत पुग्दछ । संवादको कारण हरेक सवालहरूमा आपसी संवादको माध्यमबाट सहमति र निकास निकाली रोकिएका विकास निर्माणका कामहरू समेत सुचारु हुन्छन्, आपसी भाइचारा कायम हुन्छ, संवादको संस्कृति स्थापना हुन्छ अनि समृद्ध नेपाल र सुखी नेपाली बनाउने सरकारको परिकल्पनामा समेत योगदान पुग्दछ ।

प्रस्तुति : भोलाराज पौडेल

रोजगारीमूलक प्राविधिक तालिमहरूमा
छात्रवृत्तिसहित भर्ना खुल्यो

१. भेटेनरी जे.टी.ए. (Veterinary J.T.A.) -१८ महिना
२. कृषि/बाली विज्ञान जे.टी.ए. (Agriculture/Plant J.T.A.) -१८ महिना

SLC/SEE मा जुनसुकै श्रेणी/ग्रेडमा उत्तीर्ण हुनेलेसमेत अध्ययन गर्न पाइने ।

नि शुल्क प्रवेश परीक्षा तयारी कक्षा सञ्चालन हुँदैछ ।

- फाराम भर्ने अन्तिम मिति : **२०७५/०१/१९ गते**
- छात्रवृत्ति प्रवेश परीक्षा : **२०७५/०१/१९ गते**
- पूर्ण शुल्कीय कोटा प्रवेश परीक्षा मिति : **२०७५/०४/२१ गते**

विशेषता:
- छात्रावास र यातायातको व्यवस्था
- निःशुल्क पुस्तकालय

नोट : EVENT परियोजनाले यस शैक्षिक शत्रमा लिने छात्रवृत्तिको फारम समेत निःशुल्क भराइन्छ ।

बागमती कृषि कलेज

विदुर नपा-२ सेरा, नुवाकोट, फोन : ०१० ५६०७६३
राजकुमार श्रेष्ठ, अध्यक्ष ([illegible]), केदार देवकोटा, प्रिन्सिपल ([illegible])

विदुर नगरपालिकाको अत्यन्त जरुरी सूचना

मिति २०७५/०३/१० को तेस्रो नगरसभाको निर्णय तथा श्रावण १ गते प्रकाशित आर्थिक ऐन सम्बन्धी स्थानीय राजपत्रानुसार स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ५५ को अधिकार प्रयोग गरी निम्नानुसारको एकीकृत सम्पति करका दरहरू निर्धारण गरिएको व्यहोरा सम्पूर्ण नगरवासी नागरिकहरूमा जानकारीको लागि अनुरोध छ । विभिन्न वडा तहबाट प्राप्त फरक फरक मूल्यांकन दररेटका आधार तथा आ.व. २०६२/०६३ र २०७२/०७३ मा भएको निर्णयहरूका आधारमा समसामयिक समायोजन गरी कर निर्धारण गरिएकोले कोही कसैको उजुरी वा होहल्लाको पछि नलागी सम्बन्धित वडा वा नगरपालिका कार्यालयबाट सत्य तथ्य बुझी सामयी कर तिर्नु भई कानुनी दायित्व पूरा गर्नुहुन सम्बन्धित सबैमा अनुरोध गरिन्छ ।

एकीकृत सम्पति करको दर

१	१ देखि ५ लाख सम्म सम्पति मुल्यांकन हुनेको रु २००।
२	५ लाख भन्दा बढी १० लाख सम्म सम्पति मुल्यांकन हुनेको रु ५००।
३	१० लाख भन्दा बढी ३० लाख सम्म सम्पति मुल्यांकन हुनेको रु १०००।
४	३० लाख भन्दा बढी ६० लाख सम्म सम्पति मुल्यांकन हुनेको रु १५००।
५	६० लाख भन्दा बढी १ करोड सम्म सम्पति मुल्यांकन हुनेको रु २०००।
६	१ करोड भन्दा बढी १ करोड ५० लाख सम्म सम्पति मुल्यांकन हुनेको रु ३०००।
७	१ करोड ५० लाख भन्दा बढी २ करोड सम्म सम्पति मुल्यांकन हुनेको रु ४५००।
८	२ करोड भन्दा बढी २ करोड ५० लाख सम्म सम्पति मुल्यांकन हुनेको रु ६०००।
९	२ करोड ५० लाख भन्दा बढी ३ करोड सम्म सम्पति मुल्यांकन हुनेको रु ७५००।
१०	३ करोड भन्दा बढी ३ करोड ५० लाख सम्म सम्पति मुल्यांकन हुनेको रु ९०००।
११	३ करोड ५० लाखभन्दा बढी ४ करोड सम्म सम्पति मुल्यांकन हुनेको रु १०५००।
१२	४ करोडभन्दा बढी ५ करोड सम्म सम्पति मुल्यांकन हुनेको रु १२०००।
१३	५ करोडभन्दा बढी सम्पति मुल्यांकन हुनेको मुल्यांकनको रु ०.५० (प्रतिहजार)का दरले